# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

दिक्तेल, खोटाङ
०३६-४२०२०४


प.सं.: २०८२।०८३
च.नं.:

मितिः-२०८२/०४/०२

सबै निकायमा पत्राचार गरिएको सामान्य संशोधित प्रतिलिपि ।

'विश्व जलवायु परिवर्तनको असरलाई न्यूनिकरण गरौं ।

वन, वातावरण र पर्यावरणयुक्त सामग्री प्रयोग गरौं ॥'

विषयः सत्याग्रह सम्बन्धमा ।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका खोटाङ जिल्लाको सदरमुकाम दिक्तेल बजारमा पर्दछ । यो नगरपालिकाले अधिकतम रुपमा स्थानीय स्रोत र सामग्री प्रयोग गरी जैविक विविधता र संस्कृतिको संरक्षण गर्दै स्थानीयवासीलाई रोजगारीसँग जोड्न खोजिरहेको छ । सम्भव भएसम्म स्थानीय स्रोत र सामग्री प्रयोग गर्न सके कच्चा पदार्थको खपत भई नगरपालिका चलायमान हुन्छ । स्थानीयलाई रोजगारी दिन सकिन्छ । वैदेशिक रोजगारीमा जाने सङ्ख्यालाई घटाउन सकिन्छ कि भन्ने विश्वास छ । त्यसैगरी, जलवायु परिवर्तनको असरलाई न्यूनिकरण गर्न प्लाष्टिकजन्य सामग्रीको विकल्प खोज्दै प्रयोग कम गर्न सकिन्छ । जसका लागि यहाँ प्रशस्त रुपमा पाइने वनस्पति बाँस विकल्पको रुपमा उपयोग हुन सक्छ भन्ने नगरको ठम्याई छ ।

यही सोच र अवधारणाका साथ यस नगरपालिकाको नगर प्रमुखका रुपमा म आफैं र उप-प्रमुखज्यू निर्वाचित हुनासाथ आफ्नो कार्यकक्षमा बाँसैबाँसका फर्निचर र सामग्री प्रयोग शुरु गरेका छौं । नगरपालिकाको अगुवाई र नेतृत्वमा २०८१ फागुन १५, १६ र १७ गते नेपालको इतिहासमा पहिलोपटक 'प्रथम राष्ट्रिय बाँस सम्मेलन' दिक्तेल, खोटाङमा भएको थियो । उक्त सम्मेलन अगावै २०८१/०४/०५ गतेको कार्यपालिका बैठकले तहाँ प्रधानमन्त्री कार्यालय तथा मन्त्रालयमा हाम्रो माग र अनुरोध-पत्रको निर्णय प्रतिलिपिसहित पठाइएको थियो । त्यसपछि पनि पटक-पटक पत्राचार गरी सिंहदरबारमा सम्माननीय प्रधानमन्त्रीज्यूको कार्यालय, शहरी विकास मन्त्रालय, विभाग र कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा अनुरोध-पत्र पठाएका थियौं । पछिल्लोपटक २०८२ असार ६ गते इमेल तथा बाँस नेपालमार्फत् सम्माननीय प्रधानमन्त्रीज्यूको कार्यालयमा २०८२/०२/२३ द.नं.८६७६ र शहरी विकास तथा भवन निर्माण विभागमा २०८२/०२/२३ द.नं. ३४२२, एक वर्षदेखि पठाइएको सबै पत्रको प्रतिलिपि नगरसँग सुरक्षित छन् । त्यसपछि असार मसान्तसम्म माग पूरा नभए सत्याग्रह गर्ने पुनः मागपत्रसहित बुझाई दर्ता गराइएको थियो । नगरको पटक-पटकको अनुरोध र आग्रहबाट पनि नेपाल सरकारले पर्यावरणीय, वातावरणीय तथा स्थानीय स्रोत र सामग्री प्रयोग गरेर यहाँका नागरिकहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यमाथि कुठाराघात गरेकोमा नगरको गम्भीर असहमति रहेको छ । नीति बनाउँदा सरकारको के जान्छ ? यस्ता गम्भीर अनुत्तरित प्रश्नैप्रश्नका घेराबन्दीमा छ सरकार । त्यसैले, सातबुँदे मागसहित २०८२ श्रावण ११ गते आइतबारदेखि काठमाडौंस्थित माइतीघरमा भोक हड्ताल बस्दैछु । म आफैं बिहान ८.४७ बजे सिंहदरबारको दक्षिण गेटबाट शिर मुन्डन गरी खाली खुट्टा, मुखमा पट्टी बाँधेर बाँसको

घनासहित माइतीघर मण्डलातर्फ जाने र ९:०० बजेदेखि दिउँसो ५:०० बजे सम्म सत्याग्रह गर्दै ३ दिन भोक हड्तालमा बस्ने कार्यक्रम रहेको जानकारी गराउँदछु। प्रस्तुत सात बुँदे माग पूरा नभए श्रावण १४ गतेदेखि अनिश्चितकालीन आमरण अनसन बस्ने ब्यहोरा जानकारी गराइएको छ । यसबाट उत्पन्न हुने परिस्थितिको सम्पूर्ण जिम्मेवारी नेपाल सरकारको रहने ब्यहोरा अनुरोध छ। संघीय सरकारले केवल नीति निर्माण बनाई गाउँघरमा मूल्यविहीन बनेका बाँस, काठ, गाँजा, लोकल रक्सी, राडिपाखी आदि स्थानीय उत्पादित सामग्रीलाई सरकारी रूपमा प्रयोग गर्न मिल्नेगरी कानून बनाउने, भवन बनाउन सकिनेगरी सरकारी नर्म्स् एवं बिल्डिङ कोडमा समावेश गरी सरकारी कानूनी रुपमा प्रयोग गर्ने वातावरण बनाइदिन मात्रै आग्रह गरेका छौं । यसबापत् संघीय सरकारसँग अतिरिक्त बजेट वा स्रोत साधन नगरबाट माग गरिएको छैन, केवल नीति बनाइदिन माग गरेका छौं ।

सरकारसँग गरिएका ७ बुँदे मागहरु

१. हिमालको अस्तित्व संकटग्रस्त भई जलवायु परिवर्तनको प्रभावले काला पहाडमा परिणत हुँदै गएकाले यसबाट हुने मानवीय तथा प्राणीको जोखिमलाई समयमा नै मध्यनजर राख्दै जैविक विविधता र रैथाने संस्कृतिको संरक्षण गर्न आवश्यक नीति-निर्माण तथा पहलकदमी तत्काल गरियोस्। विश्वव्यापि जलवायु परिवर्तनको जोखिम बढाउने विकसित तथा औद्योगिक राष्ट्रले कार्बन उत्सर्जन गर्ने नेपालजस्ता राष्ट्रलाई निश्चित रकम क्षतिपूर्तिबापत् तिर्नुपर्ने प्रावधानका लागि अन्तर्राष्ट्रिय मञ्च तथा फोरममा लविङ गर्दै आवाज उठाइयोस्।

२. जलवायु परिवर्तनको असरका कारण विश्व जगत आक्रान्त भइरहेको वर्तमान सन्दर्भमा वातावरणमैत्री तथा बहुआयमिक बाँसलाई ७५३ वटै पालिकामा रोपेर हरियाली प्रवर्द्धन गर्न तत्काल नीति बनाइयोस् । छिटो हुर्कने, भू-क्षय रोक्ने, नेपालको तराई-मधेश, पहाड, हिमालमा प्रशस्त पाइने विभिन्न प्रजातिका बाँस तथा बाँसजन्य प्रजातिलाई मौसमअनुसार रोप्ने तथा बाँसलाई बिल्डिङ कोड (Building Code)मा समावेश गरी तत्काल (Norms ) नर्म्स् बनाई सस्तो र सुलभ ढङ्गबाट स्थानीयलाई रोजगारी दिन सक्नेगरी सरकारी भवन, फर्निचर आदि निर्माण गर्ने कानूनी अबरोध हटाउन औपचारिक निर्णय गरी तत्काल कार्यान्वयन गरियोस्। साथै, जङ्गलमा कुहिएर रहेका साल (सखुवा) लगायतका काठलाई तत्काल कानून बनाई प्रयोग गरेर विदेशबाट महङ्गो मूल्यमा आयत गरी ल्याउने काठलाई बन्द गरियोस्।

३. जलवायु परिवर्तनको असरलाई बढवा दिँदै धुवाँ-धुलो र प्रदुषण निकाल्ने कम्पनी, उद्योग, सवारी साधन प्रयोगकर्तालाई अतिरिक्त कर लगाई आएको रकमबाट प्रभावकारी वृक्षारोपण र अनुदान दिने व्यवस्था गरियोस् । विद्युत गृह, सडक तथा भौतिक संरचना निर्माण गर्दा त्यसको वरिपरि किनारामा वृक्षारोपण,



CamScanner

# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

[illegible]

दिक्तेल, खोटाङ
प.सं.: २०८२।०८३ ☎ ०३६-४२०२०४
च.नं.:


फूलबारी, पार्क आदि बनाई हरियालीमैत्री सडक र संरचना निर्माण गर्ने नीतिगत निर्णय गर्दै तत्कालै कार्यान्वयनमा ल्याइयोस् ।

साथै, सवारी साधन प्रयोग, सिसा, प्लाष्टिकका बोतल, झोला र विभिन्न पकारका प्लाष्टिक उत्पाद्रन गर्ने उद्योग, कम्पनीका कारण वातावरण बढी प्रदुषित हुने, विभिन्न प्रकारका रोग लाग्ने, जलवायु परिवर्तनको असरलाई बढाउने भएकाले त्यस्ता सामग्री खरिद बिक्री गरेवापत् बिक्री मूल्यबराबरको १० प्रतिशत रकम सम्बन्धित पक्ष तथा बोतल एवं प्लास्टिक उत्पादन कम्पनीले स्थानीय पालिकामा अनिवार्य प्रदुषण कर बुझाउनुपर्ने व्यवस्था गरियोस् । सोबापत् पालिकाले फोहोर व्यवस्थापन गर्नुपर्ने व्यवस्था गरियोस् ।

४. कानून र अनुमति नलिई खोला-खोल्सी, नदी र भीर पाखामा जथाभावी उत्खनन् गरिएका गिट्टी, क्रसर उद्योग मापदण्डअनुसार सञ्चालन गरियोस् । साथै, यसबाट जैविक विविधता नष्ट हुने, साँस्कृतिक, भौगोलिक, वातावरणीय र दूरगामी रुपमा हुने असरलाई अध्ययन गरेर मात्रै अनुमति दिइयोस् । साथै, यसका लागि तत्काल कानून बनाई कडाइका साथ लागू गरियोस् । जथाभावी सडक खन्ने, डोजर चलाउने, माटो खोस्रिने कार्यले भू-क्षयीकरणसँगै बाढी, पहिरोको उच्च जोखिम देखिएकाले स्थानीय सरकार वा कुनै पनि निकायले वातावरणीय प्रभाव अध्ययन नगरी सडक खन्न नपाउने केन्द्रबाट कडा कानून निर्माण गरी लागू गरियोस् ।

५. सरकारी कार्यालयहरुमा (पहिलो चरणमा वन, उद्योग मन्त्रालय र मातहत्का निकायमा) नेपालमा अत्यधिक पाइने जैविक विविधताको संरक्षण/संवर्द्धन, बाँस, काठ, राडीपाखी र वातावरण-पर्यावरणमैत्री फर्निचर तथा संरचना बनाउने, प्रयोग गर्ने नीति अवलम्बन गरियोस् । अबदेखि खरिद गर्दा मितव्ययी र वातावरणमैत्री कार्यालय बनाउँदै व्यवहारमा प्रयोग गर्ने तत्काल नीतिगत निर्णय गरी लागू गरियोस् । त्यसैगरी फागुनमा भएको ऐतिहासिक बाँस सम्मेलनमा खोटाङलाई बाँसको राजधानी घोषणा गरिएकोले नेपाल सरकारले औपचारिक निर्णय गरी बाँसको राजधानी घोषणा गरियोस ।

६. नेपालका विभिन्न जिल्लाको जस्तै काभ्रे-सिन्धुली-ओखलढुङ्गा-खोटाङ-भोजपुर हुँदै ईलाम पुग्ने मध्यपहाडी राजमार्गको विभिन्न खण्डको पक्की पुल सडक तथा खोटाङ जिल्लाका विभिन्न ठाउँमा निर्माण व्यवसायीले ठेक्का पारी वर्षौंदेखि अलपत्र पारिएका सडक, पुल तथा भौतिक पूर्वधारका कामलाई तत्काल पूरा गरियोस् । त्रि-धार्मिक महत्व बोकेको ऐतिहासिक थलो हलेसीधाम जाने जयरामदेखिको सडकलाई तत्काल चौडा र पक्की बनाइयोस् । पैसा र शक्तिको आडमा गुणस्तरहीन काम गर्ने गैर-जिम्मेवार निर्माण व्यवसायीलाई कडाभन्दा कडा कार्बाही र गुणस्तरयुक्त साथै समयमा काम सम्पन्न गर्नेलाई सम्मान गर्ने नीति तत्काल बनाइयोस् । निर्माण व्यावसायीलाई एउटा काम सम्पन्न नगरी अर्को परियोजना गर्न नपाउने कडा कानून बनाइयोस् ।



CamScanner

७. गाउँघरमा बाँदर आतङ्कका कारण कृषकले बसाईसराई गर्नुपर्ने अवस्था भएकाले सरकारबाट आवश्यक नीति बनाई संरक्षण क्षेत्र कायम गरियोस् । साथै, कृषकको खाद्यान्न, फलफूल आदि क्षति भएवापत् अनिवार्य रुपमा क्षतिपूर्ति उपलब्ध गराउँदै संघीय सरकारबाट बाँदरलगायत जङ्गली जनावर नियन्त्रणको नीति बनाई व्यवस्थापन गरियोस् । त्यसैगरी, बसाईसराई रोक्नका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाईलगायत क्षेत्रलाई प्राथमिकतामा राखी शक्तिको नभई नीति र आवश्यकताका आधारमा बजेट विनियोजन गरियोस् । यस्तै, घरेलु उद्यम र स्वरोजगार हुने कार्ययोजना बनाइयोस् ।

यी नागरिकका जल्दा-बल्दा र अत्यावश्यक माग भएकाले आन्तरिक स्रोत र सामग्री प्रयोग गर्दा फजुल खर्च रोकिने तथा अनियमितता , भ्रष्टाचार हुने संम्भावना न्यून रहने, रोजगारीको अवसर बढ्ने, युवाहरु देशबाट रोजगारीका लागि विदेश पलायन हुनेको सङ्ख्यामा कमी आउने भएकाले उपर्युक्त प्रत्येक बुँदा राम्ररी अध्ययन गरी निकासको बाटो खोजियोस् ।

यी मागका अधिकांश बुँदामा सरकारले नीति बनाई कडाईका साथ लागू गरे सामाजिक तथा आर्थिक हिसाबले पनि धनी, गरीब, उच्चा-निच्चा हुने न्यून सम्भावना रहँदा समाजवाद व्यवहारमा लागू गर्न सकिने भएकाले यी महत्वपूर्ण मागलाई सम्बोधन गरियोस् ।

यसअघि एक वर्षदेखि गरिएका पटक-पटकको पत्राचार र भेटपूर्ण आग्रहलाई वेवास्ता गरिएकाले सत्याग्रहमार्फत् अन्तिम लडाईं लड्नका लागि काठमाडौं, माइतीघर मण्डलामा म स्थानीय सरकारको प्रमुख नै भोक हड्ताल तथा आमरण अनसन बस्नुपर्ने अवस्था सिर्जना भएको छ । तीन दिन भोक हड्तालमा बस्दासमेत माग पूरा नभए आमरण अनशन बस्दा उत्पन्न हुने सम्पूर्ण परिस्थितिको जिम्मेवारी नेपाल सरकारले लिनुपर्ने व्यहोरा अग्रीम जानकारी गराईन्छ।

'स्थानीयलाई स्वरोजगार र आत्मनिर्भर बनाउने हाम्रो अभियान ।

भ्रष्टाचारमुक्त, संस्कृतियुक्त नगरमा सबैको आत्मसम्मान ॥'

तीर्थराज भट्टराई
नगर प्रमुख



CamScanner